**प्रुडेन्सीयल फाइनान्स कम्पनी लि.**
डिल्लीबजार,काठमाण्डौ,नेपाल ।
पो.ब.नं.५६८१,फोन नं.४४४५९८८,४४४६४५४
फ्याक्स ४४४६४५३, वेबसाइट:www.pbsl.com.np

# छैटौ वार्षिक साधारण सभा सम्बन्धी सूचना ।

यस कम्पनीको सञ्चालक समितिको मिति २०६६/११/२० गते बसेको ८७ औं बैठकको निर्णय बमोजिम कम्पनीको छैटौ वार्षिक साधारण सभा निम्न बिषयहरु उपर छलफल गर्न देहाय बमोजिमको मिति, स्थान र समयमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मिति : २०६६ चैत्र १६ गते, सोमबार (तदअनुसार मार्च २९, २०१०) ।
स्थान : नेपाल पर्यटन बोर्डको सभा कक्ष, भृकुटीमण्डप, काठमाण्डौं ।
समय : दिनको ११:०० बजे ।

**छलफलका लागि बिषयसूची :**

**सामान्य प्रस्ताव**

१. छैटौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०६६ आषाढ मसान्तको वासलात तथा मिति २०६५ श्रावण १ देखि २०६६ आषाढ ३१ गतेसम्मको नाफानोक्सान हिसाव र सोही अवधिको नगद प्रवाहको विवरण पारित गर्ने ।
३. आ.व. २०६६।६७ को कम्पनीको हरहिसावको लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने । (गत वर्षका लेखापरीक्षक नियुक्तिका लागि योग्य हुनुहुन्छ ।)
४. कम्पनीको सञ्चालक समितिले पारित गरे बमोजिम गत आ.व. २०६५।६६ को खुद मुनाफाबाट चुक्ता पूँजीको १०.५२६३ प्रतिशत (कर समेत) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।
५. संस्थापक शेयरधनीहरु मध्येबाट २ जना तथा सर्वसाधारण शेयरधनीहरु मध्येबाट २ जना संचालक समितिमा प्रनितिधित्व गर्ने संचालकहरुको निर्वाचन गर्ने ।
६. विविध ।

**विशेष प्रस्ताव :**

१. कम्पनीको प्रबन्धपत्रको दफा ५ मा मुद्रा विप्रेषण सम्बन्धी कार्य थप गर्ने प्रस्ताव पारित गर्ने ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

जानकारी :
यस साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा साधारण शेयर दाखिल-खारेजको कार्य मिति २०६६ चैत्र ३ गते देखि २०६६ चैत्र १६ गतेसम्म बन्द रहनेछ । नेपाल स्टक एक्सचेञ्ज लि. मा मिति २०६६।१२।२ गते सम्म कारोवार भई मिति २०६६।१२।१० गते भित्र यस फाइनान्स कम्पनीको डिल्लीबजार स्थित रजिष्टर्ड कार्यालयमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा मतदान गर्न पाउने छन् । )